# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

मिति २०८१।१२।१७

**स्नातक तह प्रथम सत्रान्त (BICTE 1st Semester) को छूट परीक्षा फाराम भर्ने/भराउने सम्बन्धी सूचना**

यही २०८१ साल चैत्र महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातक तह (BICTE) प्रथम सेमेस्टरको नियमित तथा आंशिक/मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्न छूट भएका विद्यार्थीहरूका लागि आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी परीक्षा आवेदन फारम अनलाइन (Online) मार्फत भर्ने/भराउने प्रयोजनका **मिति २०८१ चैत्र १९ गते देखि २० गते वेलुका ५:०० बजेसम्म** अनलाईन परीक्षा फारम भर्ने व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिन्छ। साथै सबै सम्बन्धित क्याम्पसहरुले त्रुटीपूर्ण आवेदन फारम समेत सोही समयावधि भित्र सच्याउन हुन समेत सूचित गरिएको छ। फाराम वापत संकलित शुल्क यही **२०८१ साल चैत्र २१** गतेसम्ममा यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फारम **२०८१ साल चैत्र २१ गतेसम्ममा** रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ। साथै परीक्षा फारम भर्ने विषयगत कुल विद्यार्थी संख्या उल्लेख गरी क्याम्पसको पत्र र भौचरको स्क्यान कपी समेत परीक्षा नियन्त्रण महाशाखामा इमेल (tufoedu@gmail.com) गर्नुपर्ने छ।

**पुनश्चः**

- विद्यार्थीहरुले यस संकायको वेभसाइटः tufoe.edu.np को online मा गई नियमित तथा आंशिक/मौका परीक्षाका लागि विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा आवेदन फारम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेज/विभागले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुलाई भौतिक रुपमा समेत परीक्षा फाराम भराउनु पर्नेछ। सम्बन्धित क्याम्पसमा भौतिक परीक्षा आवेदन फाराम नपुगेको भएमा यस संकायको वेभसाइटबाट समेत डाउनलोड गर्न सकिनेछ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. २५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ। जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ। Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक अनलाइन परीक्षा फारममा प्रविष्ट (Entry) गर्नुपर्नेछ। साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण, हाजिरी विवरण (न्यूनत्तम ८०% हाजिर हुनपर्ने) संलग्न गरी विद्यार्थीहरुले भरेको भौतिक परीक्षा आवेदन फाराममा तोकिएको ठाउँमा आन्तरिक मूल्यांकन अंक प्रविष्ट गर्नुका साथै आधिकारिक दस्तखत र क्याम्पसको छाप राखी डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ।

सहायक डीन